# प्रधानाध्यापक  छनोट तथा व्यवस्थापन कार्यविधि,२०८१

**प्रस्तावना :** विद्यालयको मुलरूपमा प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक  नेतृत्वदायी कार्यसम्पदान गर्ने, राष्ट्रको शिक्षासम्बन्धि नीति, योजना, कार्यक्रम कार्यन्वयन गर्ने, विद्यालयको समग्रपक्षको कुशल व्यवस्थापन गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीको रुपमा नेतृत्व गर्ने प्रधानाध्यापकको विधिपूर्वक छनोट गरी विद्यालयको शैक्षिक प्रशासनमा गुणस्तरीयता, शैक्षिक विकास र  उपलब्धि तथा विद्यालयको कुशल व्यवस्थापन गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी परिच्छेद ३ को दफा ११ को खण्ड 'ज'  बमोजिम माछापुच्छ्रे गाउँपालिकाबाट गाउँ कार्यपालिकाको मिति २०८१/०३/२० गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम " **प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि २०८१"** रहेको छ।

ख. यो कार्यविधि माछापुच्छ्रे गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक छनोट र व्यवस्थापन गर्न लागू हुनेछ।

ग. यो कार्यविधि माछापुच्छ्रे गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

क. “कार्यपालिका " भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

ख. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ग. “शिक्षा समिति” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

घ. “आधारभूत शिक्षा” भन्नाले बालविकास देखि कक्षा आठ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ।

ङ. “माध्यामिक शिक्षा” भन्नाले कक्षा नौ देखि बाह्र कक्षा सम्मलाई सम्झनु पर्छ।

च. “शाखा प्रमुख” भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो काम गर्न तोकिएको शाखाको कर्मचारीलाई सम्झनुपर्छ।

छ. “दरबन्दी “भन्नाले नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी / अस्थायी, करार दरबन्दीलाई सम्झनु पर्दछ।

ज. “राहत शिक्षक” भन्नाले नेपाल सरकारबाट अनुदान प्राप्त  राहत अनुदानकोटाको शिक्षक सम्झनु पर्दछ।

झ. “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारद्वारा नियमित अनुदान प्राप्त गर्ने माछापुच्छ्रे गाउँपालिका भित्रका  सामुदायिक विद्यालय सम्झनु पर्दछ।

ञ. “प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गरी विद्यालयको प्रमुख कार्यकारी पद तथा निमित्त तथा सहायकलाई समेत सम्झनुपर्छ।

ट. " प्रधानाध्यापक छनोट तथा व्यवस्थपन समिति" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको शिक्षा व्यवस्थापन तथा सञ्चालन नियमावली दोश्रो संशोधन २०७५ बमोजिमको समिति तथा कार्यविधिको दफा ४ बमोजिम गठन गरिएको समितिलाई सम्झनुपर्छ ।

ठ. "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनुपर्छ सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउदछ ।

ड. "बालविकास शिक्षक" भन्नाले माछापुच्छ्रे गाउँपालिका भित्रका विद्यालय तथा समुदायमा कार्यरत बालविकास शिक्षकमा नियुक्त बाल विकास शिक्षक सम्झनुपर्छ ।

## परिच्छेद- २

### ३. प्रधानाध्यापक विद्यालयको प्रमुख हुने:

क. विद्यालयको प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गरी विद्यालयको प्रमुख कार्यकारी पदमा काम गर्न विद्यालयको प्रधानाध्यापक विद्यालय प्रमुखको रुपमा रहनेछ ।

**ख.** प्रधानाध्यापकले विद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक उत्तरदायित्व वहन गर्नुपर्नेछ ।

### ४. प्रधानाध्यापक छनोट तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था:

१. सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनोट तथा व्यवस्थापन गर्न देहायबमोजिमको एक प्रधानाध्यापक छनोट तथा व्यवस्थापन समिति रहनेछ:

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. गाउँ शिक्षा समितिले तोकेको मान्यताप्राप्त विश्वविद्यालयबाट शिक्षाशास्त्र संकायमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरेको सह/उप प्राध्यापक दुई जना विषय विज्ञ | सदस्य |
| ग. गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको शिक्षा समितिको सदस्य | सदस्य |
| घ. गाउँपालिकाको शिक्षा अधिकृत | सदस्य सचिव |

२. प्रधानाध्यापक छनोट सहजीकरण समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकाले यस कार्यविधि अनुसार गरेको विज्ञापन सूचनाको आधारमा तोकिएको अवधि भित्र परेका निवेदनका साथ प्राप्त कागजात रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग-अलग सूची तयार गरी प्रकाशन गर्ने ।

ख. स्वीकृत उम्मेदवारहरुको शैक्षिक योग्यता, अनुभव जेष्ठता, तालिम र नतिजा वापतको अङ्कनको लागि उम्मेदवारले पेश गरेको कागजात अध्ययन गरी प्राप्त प्राप्ताङ्कलाई कम्प्युटर प्रविष्टि र तालिकीकरण गर्ने ।

ग. स्वीकृत उम्मेदवारले पेश गरेको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने ।

घ. कौशल, दक्षता परीक्षण र अन्तरवार्ताको लागि मिति, स्थान र समय तालिका सहित सूचना प्रकाशन गर्ने ।

ङ. विद्यालय विकास प्रस्ताव मूल्याङकन र प्रस्तुतीकरण एवं प्रश्नोत्तर र छलफल वापत उम्मेदवारहरुले प्राप्त गरेको अङ्क कम्प्युटर प्रविष्टि गर्ने ।

च. सबै चरणमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको अङ्क रुजु गरी कुल प्राप्ताङ्कको आधारमा एकमुष्ट योग्यताक्रमको समष्टिगत सूची तयार गरी प्रकाशन गर्ने ।

छ. प्रकाशित अन्तिम एकमुष्ट योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरुलाई प्रधानाध्यापकको रुपमा विभिन्न विद्यालयमा पदस्थापन गर्न सिफारिसका साथ कार्यपालिकामा पेश गर्ने ।

ज. प्रधानाध्यापक छनोट तथा सिफारिससँग समबन्धित अन्य आवश्यक काम गर्ने ।

३. कार्य सम्पादनको सिलसिलामा समितिको बैठकमा आवश्यकतानुसार विषय क्षेत्रसँग सम्बन्धित विज्ञ, पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

४. समितिको बैठकमा उपस्थित समितिका संयोजक एवं सदस्य र आमन्त्रित तथा प्रधानाध्यापक छनोट सम्बन्धी काममा खटिने कर्मचारीलाई पारिश्रमिक तथा अन्य प्रशासनिक खर्च प्रचलित नियमानुसार गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

५. छनोट समितिको सचिवालय गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा रहनेछ।

**५. प्रधानाध्यापक हुन चाहिने न्युनतम योग्यता र अनुभव**:

माछापुच्छ्रे गाउँपालिकाको शिक्षा व्यवस्थापन तथा सञ्चालन नियमावली (दोश्रो संशोधन) २०७५ को परिच्छेद ९ को दफा ४९ लाई आधार मान्दै तपसिल बमोजिम हुनेछ।

क. आधारभुत तह (१-५) सञ्चालित विद्यालय भए कम्तीमा शिक्षा शास्त्र संकायमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण भइ कम्तीमा १ वर्ष स्थायी भएको।

ख. आधारभुत तह (१-८) सञ्चालित विद्यालय भए कम्तीमा शिक्षा शास्त्र संकायमा स्नातक वा सो सरह उत्तीर्ण भइ कम्तीमा १ वर्ष स्थायी भएको।

ग. माध्यमिक तहको विद्यालय भए कम्तीमा शिक्षा शास्त्र संकायमा स्नाकोत्तर वा सो सरह उत्तीर्ण भइ कम्तीमा ५ वर्ष सम्बन्धित तहमा अध्यापन गरेको स्थायी शिक्षक हुनुपर्ने तर सम्बन्धित तहको स्थायी शिक्षकलाई शैक्षिक योग्यताका कारण उम्मेदवार हुन बाधा पर्ने छैन्।

घ. सम्बन्धित तहको स्थायी शिक्षकले प्रधानाध्यापक छनोट हुन लिखितरूपमा नसक्ने भनि व्यवस्थापन समितिमा निवेदन गरेमा उपलब्ध योग्यता पुगेको तल्लो तहको स्थायी शिक्षक पनि प्रधानाध्यापकको लागि उम्मेदवार हुन सक्नेछन।

**६. निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**

सामुदायिक विद्यालयमा प्रधानाध्यापकको अनुपस्थित वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि त्यस विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये वरिष्टतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नुपर्ने छ।

**७. प्रधानाध्यापक छनोट तथा सिफारिस सम्बन्धी व्यवस्था :**

क. विद्यालयमा प्रधानाध्यापकको रिक्त भएको वा पदावधी समाप्त भएको मितिले ७ दिन भित्रमा सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनोटका लागि विद्यालयले गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

ख. गाउँपालिकाले योग्यता पुगेका स्थायी शिक्षक मध्येबाट निवेदन दिन पाउने गरी १५ दिनको सार्वजनिक सूचना आव्हान गर्नेछ।

ग. आवेदकले आवेदन सँगै यसै कार्यविधि अनुसारको ढाँचामा अनुसूची -१ बमोजिमको विद्यालय विकास प्रस्ताव पेस गर्नुपर्नेछ।

घ. गाउँपालिकामा पेस भएका आवेदनहरू अध्ययन गरी पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले रीत पुगेका आवेदकहरूको नामावली प्रकाशन गर्नेछ।

ङ. आवेदकहरू मध्येबाट छनोट समितिले यस कार्यविधिको अनुसूची -२ बमोजिमको मूल्याङ्कनका आधार बमोजिम प्रधानाध्यापकहरूको छनोट तथा सिफारिस गर्नेछ। यसरी छनोट गर्दा योग्यताक्रमका आधारमा न्यूनतम साठी अङ्क प्राप्त गर्ने उम्मेद्वारहरूको नामावली प्रकाशन गर्नुपर्नेछ।

च. आवेदकले  अनुसूची -१ को आधारमा विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरू समयबद्द रुपमा पुरा गर्ने गरी शिक्षा युवा तथा खेलकुद शाखासँग कार्य सम्पादन करार सम्झौता गरी  ५ वर्षका लागि सम्बन्धित उम्मेदवारलाई  प्रधानाध्यापकमा करार नियुक्ति गर्ने छ।

## परिच्छेद -३

**८ . प्रधानाध्यापकको  कार्यसम्पादन  करार सम्झौता गर्नुपर्ने :**

क. दफा ७ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरू समयबद्ध रुपमा पुरा गर्ने व्यहोराको  कार्यसम्पादन करार सम्झौता माछापुच्छ्रे गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखासँग गर्नुपर्ने छ।

ख. कार्यसम्पादन करार सम्झौता बमोजिम शिक्षा युवा तथा खेलकुद शाखाले निजले पाउने सुविधा उल्लेख गरी  प्रधानाध्यापकलाई करार नियुक्ति पत्र प्रदान गर्नेछ।

ग. प्रधानाध्यापकले कार्यसम्पादन करार सम्झौता बमोजिम कार्यसम्पादन गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धित विद्यालय व्यवस्थापन समिति, शिक्षा युवा तथा खेलकुद शाखा र गाउँ शिक्षा समितिले गर्नेछ।

**९. दफा ७  बमोजिम छनोट तथा सिफारिस हुने प्रधानाध्यापकको काम कर्तव्य र अधिकारः-**

शिक्षा नियमावली २०५९ को नवौं संशोधनको परिच्छेद १७ को नियम ९४ बमोजिमको व्यवस्थाका साथै देहाय बमोजिम हुनेछन।

क. विद्यालयमा शैक्षिक वातावरण ,गुणस्तर र अनुशासन कायम राख्ने,

ख. विद्यालयका शिक्षक तथा कर्मचारीहरू सँग समन्वय गरी शिक्षक, कर्मचारी ,विद्यार्थी र अभिभावकहरू बिच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने। विद्यालयमा अनुशासन ,सच्चरित्रता,शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

ग. विद्यालयमा सरसफाइ, अतिरिक्त क्रियाकलाप आदिको प्रवन्ध गर्ने गराउने,

घ. शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्वन्धि कार्यक्रम तयार गर्ने सो वमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

ङ. विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

च. विद्यालयमा बिद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

छ. विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाण पत्र दिने,

ज. विद्यालयमा भए गरेका महत्वपुर्ण काम कार्वाहीको अभिलेख राख्ने,

झ. सम्बन्धित निकायबाट स्थायी नियुक्ति ,सरुवा ,पदस्थापन भई आएका शिक्षकलाई हाजिरी गराई विषय र तह अनुसारको कक्षा /विषय शिक्षणमा खटाउने,

ञ. कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापर्वाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानीनोक्सानी पर्न गएमा त्यस्तो हानी निक्सानीको रकम तलवबाट कट्टा गरी असुल गर्ने,

ट. विद्यालयले आफ्नै स्रोतबाट नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगाएतका अन्य विभागीय कारवाही गर्ने,

ठ. शिक्षक तथा कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय तहको शिक्षा अधिकृत तथा शिक्षा सम्वद्ध निकायले हेर्न चाहेमा देखाउने,

ड. शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन तयार गरी विद्यालय व्यवस्थापन समिति र शिक्षा ,युवा तथा खेलकुद शाखा पेश गर्ने,

ढ. शिक्षक तथा कर्मचारीलाई पुरस्कार तथा सजाय दिने सम्वन्धमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षा, युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने,

ण. महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीको बैठक बोलाई विद्यालयको प्राज्ञिक,भौतिक र शैक्षिक प्रशासन सम्बन्धी छलफल गरी त्यसको अभिलेख राख्ने,

त. गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षक छनोटप्रक्रिया अपनाई करार नियुक्त गर्ने र विद्यालय व्यवस्थापन समितिबाट तलबी प्रतिवेदन पारित गरी तलब भत्ता प्रदान गर्ने,

थ. विद्यालय भवन तथा छात्रवासको हाताभित्र कुनै अवाञ्छित क्रियाकलाप हुन नदिने,विद्यालयको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

द. विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक ,अर्ध वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

ध. शिक्षक तथा कर्मचारीलाई तालिममा पठाउदा शिक्षा युवा तथा खेलकुद शाखासँग समन्वय गरी पठाउने,

न. विद्यालयमा नेपाल सरकारवाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

ऩ. विद्यालय व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफुले पाएको अधिकार बमोजिम र तोकिए बमोजिम आर्थिक नियमावली अनुसार रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने राख्न लगाउने,

प. विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

फ. कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार ३ वर्ष सम्म १५ प्रतिशत भन्दा कम उत्तीर्ण भएमा वा लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकलाई २ वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

ब. विद्यालयमा दैनिक रुपमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

भ. विद्यालयका सम्पूर्ण शिक्षक कर्मचारीको काम,कर्तव्य तोक्ने र कार्यसम्पादन करार सम्झौता गर्ने,

म. विद्यालयको शैक्षिक प्रगति सम्बन्धि विवरण तथा तथ्यांक मन्त्रालयद्धारा निर्धारित ढाँचा र समय भित्र शिक्षा ,युवा तथा खेलकुद शाखामा पेश गर्ने,

य. विद्यालयका स्थायी शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फारम तथा सम्पूर्ण शिक्षक ,कर्मचारीको सम्पत्ति विवरण तोकिएकै समयमा सम्बन्धित निकायमा बुझाउने,

र. प्रधानाध्यापक ,माछापुच्छ्रे गाउँपालिका ,अभिभावक एवं विद्यार्थी प्रति जिम्मेवार हुनेछ,

**१०. प्रधानाध्यापकको करार पदावधिः-**

क. प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ र सोही प्रक्रियाबाट निज पुनः नियुक्ति हुन सक्नेछ।

ख. प्रधानाध्यापकको कार्यसम्पादन करार सम्झौताका आधारमा विद्यालय व्यवस्थापन समितिले ३ वर्षमा मध्यावधि मूल्याङ्कन गर्न सक्नेछ।

ग. उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रधानाध्यापकले आफुले गरेको कार्यसम्पादन करार सम्झौता बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराव रहेको भनी विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सिफारिस गरी पठाएमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम शिक्षा,युवा तथा खेलकुद शाखाले निजलाई प्रधानाध्यापकको पदबाट जुनसुकै बेला पनि हटाउन

सक्नेछ । तर त्यसरी प्रधानाध्यापकलाई पदबाट हटाउन अघि निजलाई सफाई पेस गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

घ. दफा ८ 'ख' बमोजिम नियुक्त प्रधानाध्यापक तोकिएको समय सम्म पनि सो पदमा कार्य गर्न नसक्ने कारण देखाउदै प्रधानाध्यापक पदबाट राजिनामा दिन चाहेमा शिक्षा युवा तथा खेलकुद शाखामा कार्य गर्न नसक्नाको कारण सहित निवेदन पेश गर्नुपर्नेछ । उक्त निवेदन उपर शिक्षा युवा तथा खेलकुद शाखाले गाउँ शिक्षा समितिमा छलफल गरी समितिको निर्णय बमोजिम पून प्रधानाध्यापकको पदपूर्तिको व्यवस्था गर्नेछ ।

**११. प्रधानाध्यापक भत्ता:** विद्यालयका प्रधानाध्यापकले देहाय अनुसारको मासिक भत्ता पाउनेछ

(क) संघीय सरकारबाट प्राप्त हुने मासिक भत्ता

(ख) स्थानीयतहबाट कार्य सम्पादन सम्झौतामा उल्लेख गरे बमोजिम प्रदान गरिने प्रोत्साहन रकम ।

**१२. प्रधानाध्यापकको काज र विदा स्वीकृति सम्बन्धमा :**

प्रधानाध्यापकलाई विद्यालयको कामको सिलसिलामा विद्यालय बाहिर जानु परेको खण्डमा वा विदा लिनुपरेमा देहाय अनुसार गर्नुपर्नेछ ।

क. प्रधानाध्यापकले कम्तिमा ३ दिनसम्म विदामा बस्नु परेमा वा काज जानु परेमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई कारण सहित जानकारी दिइ बस्नु पर्नेछ ।

ख. ३ दिन वा सो भन्दा बढि प्रचलित कानुन बमोजिम विदा लिइ बस्नुपरेमा वा काजमा जानुपरेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको स्वीकृती लिई सोको जानकारी लिखित रुपमा शिक्षा युवा तथा खेलकुद शाखामा दिनुपर्ने ।

## परिच्छेद -४

**१३ . हाल प्रधानाध्यापक पदमा बहाल रहेका र अन्य शिक्षकले प्रतिष्पर्धा गर्न पाउने:**

क. यो कार्यविधि जारी हुनु पहिले विद्यालयको प्रधानाध्यापक पदमा रहेका प्रधानाध्यापकहरुले समेत यसै कार्यविधि अनुसारको प्रक्रियामा सहभागी हुनुपर्नेछ ।

ख. यस कार्यविधि बमोजिम योग्यता पुगेका जुनसुकै शिक्षकले पनि प्रधानाध्यापक पदमा प्रतिस्पर्धा गर्ने पाउनेछन् ।

**१४. शिक्षक सम्बन्धी व्यवस्थाः** यो कार्यविधि अनुसार एउटै विद्यालयका एक भन्दा बढी योग्यता पुगेका शिक्षकहरू सहभागी भई प्रधानाध्यापक छनोट भएमा विद्यालयको तह, आवश्यकता, सञ्चालित कक्षा, विषय, शैक्षिक योग्यताका आधारमा प्रधानाध्यापक तथा शिक्षकको व्यवस्थापन गरिने छ ।

**१५. प्रधानाध्यापकको विशेष व्यवस्थाः** यस कार्यविधि अनुसार प्रधानाध्यापक छनोट गर्दा विद्यालय सङ्ख्या अनुसार प्रधानाध्यापक उपलब्ध हुन नसकेमा विद्यालयमा सञ्चालित तह, विषय र शैक्षिक योग्यताका आधारमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम शिक्षा युवा तथा खेलकुद शाखाले प्रधानाध्यापकको नियुक्ति गर्नेछ ।

**१६. खारेजी र बचाउः**

क. यो कार्यविधि जारी हुनुपुर्व यससँग सम्बन्धित भए गरेका कार्यहरू माछापुच्छ्रे गाउँपालिकाको शिक्षा व्यवस्थापन तथा सञ्चालन नियमावली (दोश्रो संशोधन)२०७५ र यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

ख. यस कार्यविधिमा भएका प्रावधानहरू बाहेकको अवस्थामा प्रचलित संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ।

**ग.** यस कार्यविधिमा लेखिएको कुनै पनि कुरा प्रचलित कानूनसँग बाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

# अनुसूची १

**विद्यालय विकास प्रस्तावको ढाँचा**

**१.** परिचयः-
२. दुर दृष्टि,लक्ष्य र उद्देश्यः-
**३.** विद्यालय सेवा क्षेत्रको विश्लेषण
**(क)** विद्यालयको सेवाक्षेत्रः(सेवाक्षेत्र भित्रपर्ने गाउँ,शहर टोल उल्लेख गर्ने)
(**ख**) विद्यालयको सेवाक्षेत्रको आर्थिक, सामाजिक,भौतिक,प्राकृतिक धार्मिक अवस्थाको विश्लेषण गर्ने।
**(ग)** )विद्यालयको सेवाक्षेत्रको जनसांख्यिक तथा शैक्षिक अवस्था विश्लेषण
४.विद्यालयका विद्यमान समस्याहरूको विश्लेषण ,समाधान र विद्यालयको सुधारः-
निम्न बुँदामा आधारित भई विश्लेषण गर्ने
(**क**)विद्यालय सेवा क्षेत्रको जनसङ्ख्या
(**ख**)विद्यालयको भौतिक अवस्था
(**ग**)विद्यालयको शैक्षिक अवस्था
(**घ**)विद्यालय समुदाय बिचको सम्बन्ध
(**ङ**)विद्यालयको आर्थिक अवस्था
५. विद्यालय विकास योजना (रणनीति र कार्यनीति सहित ) सुधारको ५ वर्षे कार्ययोजना

| सुधारको क्षेत्र | सुधारका क्रियापलापहरू | कार्य प्रक्रिया | जिम्मेवारी | उपलब्धि सुचक | श्रोत व्यवस्था | समयावधि |
|---|---|---|---|---|---|---|
| भौतिक पक्ष | | | | | | |
| आर्थिक पक्ष | | | | | | |
| शैक्षिक पक्ष | | | | | | |
| व्यवस्थापकीय पक्ष | | | | | | |

६. वार्षिक कार्यान्वयन कार्ययोजना
(क) आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलाप समावेश गरी कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ।
७. संस्थागत क्षमता विकास
(क) जनशक्ति विकास
(ख) भौतिक संरचना विकास
(ग) अन्य

## अनुसूची २

**प्रधानाध्यापक छनोट तथा मुल्याङ्कनका आधारहरू ( संघीय शिक्षा नियमावलीको २०५९ को नवौं संशोधनको नियम ९३ उपनियम ५ तथा अनुसुची १३ सँग सम्बन्धित**

| क्र.स. | मुल्याङ्कनको आधार | आधारको विस्तृतीकरण | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | (क) न्युनतम शैक्षिक योग्यता ( प्रथम श्रेणी १५अंक,द्दितीय श्रेणी १३ अंक, तृतीय श्रेणी ११)<br>(ख) माथिल्लो शैक्षिक योग्यता ( प्रथम श्रेणी १०अंक,द्दितीय श्रेणी ८ अंक, तृतीय श्रेणी ६) | २५ |
| २ | शिक्षण अनुभव | शिक्षण अनुभव वापत अंक प्रदान गर्दा जुन तहको स्थायी नियुक्ति यो सोही तहको प्रथम श्रेणी भए प्रतिवर्ष २.५, द्दितीय श्रेणी भए प्रतिवर्ष २.०, तृतीय श्रेणी भए प्रतिवर्ष १.५का दरले बढीमा २५ अंक | २५ |
| ३ | तालिम | (क) शैक्षिक तालिमःप्रथम श्रेणी १०अंक,द्दितीय श्रेणी ८ अंक, तृतीय श्रेणी ६अंक<br>(ख) ३० कार्यदिन बराबरको व्यवस्थापन तालिम बापत अंक-२ | १२ |
| ४ | अध्यापन गरेको विषयमा प्राप्त नतिजा | अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत | १२ |
| ५ | विद्यालय विकास प्रस्ताव | (क) विद्यालय विकास प्रस्ताव- १०<br>(ख) विद्यालय विकासको प्रस्तुतीकरण-४ | १४ |
| ६ | नेतृत्व लिने क्षमता | प्र.अ.छनोटसमितिको मूल्याङ्कनबाट | १२ |
| | जम्मा | | १०० |

**नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायको आधारमा गर्नुपर्नेछ।**

| मूल्याङ्कनका आधारहरू | अतिउत्तम (३.००) | उत्तम (२.४०) | मध्यम (१.८०) | सामान्य (१.२०) |
|---|---|---|---|---|
| क) शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील | | | | |
| ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |

| | | | | |
|---|---|---|---|---|
| ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

यसरी अंक प्रदान गर्दा ८०% भन्दा बढी र ४०% भन्दा कम अंक दिनु परेमा सोको पुष्ट्याँई समेत गर्नुपर्नेछ ।